कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
नगर स्वास्थ्य शाखा
कोहलपुर , बांके

## सिक्कल सेल एनेमियाको इलेक्ट्रोफोरेसिस / HPLC रक्त परिक्षण शुल्क सम्बन्धी सिलबन्दी दरभाउ पत्र आव्हानको सूचना
## (प्रथम पटक प्रकाशित मिति २०७५।१०।१७)

यस कोहलपुर नगरपालिकाको सामाजिक शाखाको लागि आवश्यक सिक्कल सेल एनेमियाको इलेक्टोफोरोसिस रक्त परिक्षण गर्नको लागि शुल्क सिलबन्दी दरभाउ पत्रका माध्यमबाट खरिद गर्नु पर्ने भएकोले सम्बनधित इजाजत प्राप्त इच्छुक व्यक्ति, फर्म तथा कम्पनीबाट निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वक शिलबन्दी दरभाउ पत्र आव्हान गरिएको छ ।

१. यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र कम्पनी /फर्म चालू आ.व. ०७५/०७६ मा नवीकरण भएको ईजाजत प्रमाण पत्र, दर्ता प्रमाण पत्र र पान /भ्याट को प्रमाण पत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न राखि कार्यालय समयभित्र निवेदन दिई रु. १०००(एक हजार रुपैयां) तिरी दरभाउपत्र दस्तुर (फिर्ता नहुने गरी) बुझाई यस कार्यालयबाट दरभाउ पत्र फारम खरिद गर्न सकिने छ ।

२. दरभाउपत्र खरिद गर्दा कार्यालय प्रमुखको दस्तखत र कार्यालयको छाप लागेको दरभाउपत्र खरिद गर्नु पर्ने छ । खरिद भएको दरभाउपत्र यो सूचना प्रकाशित भउको मितिले १६औं दिनको १२ बजे भित्र दरभाउपत्र फारममा सहीछाप गरी पेश गर्ने फर्म/कम्पनीले आफ्नो फर्म/कम्पनीको नाम, ठेगाना, फोन, फ्याक्स नं. समेत खुलाई शिलबन्दी दरभाउपत्र यस कार्यालयमा दर्ता गराउन सकिने छ ।

३. दर्ता भएका दरभाउपत्रहरु सोही दिनको २ बजे दरभाउपत्र दाता वा निजका प्रतिनिधिहरु र कार्यालयका प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ । दरभाउपत्र दाता वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि सिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

४. दरभाउपत्र खरिदको अन्तिम दिन तथा दाखिला गर्ने वा खोल्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु त्यस पछिको लगतै कार्यालय खुलेको दिन सोही समयमा उक्त कार्यहरु हुनेछ ।

५. सिलबन्दी दरभाउपत्र साथ रु. ४०००० (चालिस हजार मात्र फिर्ता हुने गरी) रकम बराबरको दरभाउपत्र जमानत रकम कोहलपुर नगरपालिकाको ०७२०५०१०००२३५२१७ धरौटी खातामा जम्मा गरेको सक्कलै बैंक भौचर वा मान्यता प्राप्त बैकबाट यस कार्यालयको नाममा जारी भएको कानुनले तोकेको अवधि भएको दरभाउपत्र जमानी पत्र (विड बण्ड) पेश गर्नु पर्ने छ ।

६. दरभाउपत्र स्वीकृत भएपछि सूचना अनुसारको अंकको ५% ले हुने रकम बराबरको धरौटी खातामा जम्मा गरेको बैक भौचर वा कार्यालयले तोकेको अवधि सम्मको बैक कार्य सम्पादन जमानत पत्र पेश गर्नु पर्ने छ ।

७. दरभाउपत्र पेश गर्दा आफ्नो फर्म वा कम्पनीले दरभाउपत्रमा तोकिएका रगत जांच शुल्क अक्षर र अंक दुबैमा लेखि पेश गर्ने छ ।

८. सारभूतरुपमा प्रभावग्राही दरभाउपत्र मध्ये सबै भन्दा घटी रकम कबोल गर्ने फर्मको दरभाउपत्र स्वीकृत गरिने छ ।

९. कार्यालयको आवश्यकता अनुसार दरभाउपत्रमा उल्लेखित रक्त परिक्षण गर्नु पर्नेको संख्या थप घट गर्न सक्ने छ ।

१०. अन्य कुराहरुको हकमा प्रचलित कानुन बमोजिम हुने छ ।

| सि.नं. | ठेक्का नं. | विवरण | दरभाउ पत्र दस्तुर | दरभाउ पत्र जमानत रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | BANKE/KOMUN/SCBT/04-2075/76 | **सिक्कल सेल एनेमियाको इलेक्ट्रोफोरेसिस रक्त परिक्षण शुल्क** | १००० | ४०००० | खरिद गर्ने अन्तिम मिति २०७५/११ /०२ दर्ता गर्ने अन्तिम मिति २०७५/११/०३ |